नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय

पर्सा

फोन नं.: ०५१-५२१०३३

प.सं.:०८२/८३
च.नं. ३१८

मिति : २०८३/०३/२५
नेपाल सम्वत् :११४६

श्री जिल्ला प्रशासन कार्यालय, पर्सा।
श्री जिल्ला समन्वय समितिको कार्यालय, पर्सा।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्सा।

विषयः- सूचना टाँस गरिदिने सम्वन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको प.सं ०८२/८३, मिति २०८३/०३/२५ गतेको कार्यालयको लागि घरभाडामा लिने सम्वन्धी सूचना तहाँ कार्यालयको सूचना पाटींमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाइदिनु हुन अनुरोध छ।

(पुष्कर विजुक्षे)
तथ्याङ्क समन्वय अधिकारी

तथ्याङ्क समन्वय अधिकारी

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय

पर्सा

फोन नं.: ०५१-५२१०३३

## घर भाडामा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०८३।०३।२५गते)

यस कार्यालयको कार्यालय भवन प्रयोजनको लागि घर भाडामा लिनुपर्ने भएकोले तपसिलका शर्तहरुको अधीनमा रही घर भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले भाडामा दिने घरको मासिक(घर बहाल करसहित) भाडा दर अंक र अक्षरमा स्पष्ट उल्लेख गरी सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-९ को नियम ९४ बमोजिम यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

शर्तहरु:

- भाडामा लिनुपर्ने घरहरु विरगंज महानगरपालिका क्षेत्रभित्र प्रतिमा चौकबाट करिब १ कि.मी.को दूरी आसपास भित्र अवस्थित हुन पर्ने ।
- चारैतिर कम्पाउन्ड वालले घेराबार भएको, सुरक्षित स्थानमा कम्तिमा २ वटा चार पांग्रे गाडी तथा १५ वटा मोटरसाईकलका पार्किङ सुविधा भएको, मोटर जाने बाटो सुविधा भएको, कम्तिमा १४ वटा कोठा (भान्सा र शौचालय बाहेक) हुन पर्ने, कम्तिमा जग्गाको क्षेत्रफल १ कठ्ठा हुनपर्ने र प्राविधिक दृष्टिकोणले समेत उपयुक्त हुनुपर्ने ।
- घरमा खानेपानी, विधुत, धारा, भान्सा, शौचालयमा पानीको सुविधा हुनुपर्ने।
- घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घर जग्गा भाडामा लिनेछ।
- नियमानुसार घर बहाल कर लाग्ने छ।
- नगरपालिकाको मापदण्ड बमोजिम नक्सा पास भई निर्माण भएको आर.सी.सी पक्की घर हुनुपर्ने।
- अन्य कुराहरु प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

निवेदन दिंदा संलग्न गर्नुपर्ने कागजातहरु:

- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनीको नागरिकताको प्रतिलिपि
- घरको सम्पूर्ण नक्सा तथा घरनक्सा पास गरिएको प्रमाणपत्रको प्रतिलिपि
- मालपोत कर बुझाएको रसिदको प्रतिलिपि
- सम्पर्क व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट उल्लेख भएको खामबन्दीमा पेस गर्नुपर्ने छ।

पुनश्च : तोकिएको समयभित्र दर्ता भएका निवेदनको मूल्याङ्कन गरी कार्यालयले घर छनोट गर्नेछ। म्याद नाघेका वा कागजात भएका प्रस्तावहरु स्वीकार गरिने छैन। कुनै प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ। विस्तृत जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ। सम्पर्क कर्मचारी नरेन्द्र यादव (९८४४२७२८१४)।

०३।२५

(पुष्कर विंजुक्षे)
तथ्याङ्क समन्वय अधिकारी

तथ्याङ्क समन्वय अधिकारी

CS CamScanner